## १.१.नीति विश्लेषण शाखा

- राष्ट्रिय वन नीति, रणनीति, कार्यनीति, तर्जुमा गर्ने तथा सो सम्बन्धमा समन्वय तथा सहजीकरण गर्ने,
- वन तथा वातावरण क्षेत्र बाहेक अन्य क्षेत्रको नीति तथा रणनीतिमा वन क्षेत्रको सवालहरुलाई स्थापित गर्न पहल तथा सहजीकरण गर्ने,
- अन्य क्षेत्रसँग बाझिएका नीतिगत एवं कानूनी विषय वस्तुहरुको पहिचान गरी समाधानको लागि आवश्यक सुझाव पेश गर्ने,
- वन तथा वातावरणसंग सम्बन्धित ऐन, नियमावली, निर्देशिका, कार्यविधिहरुको निर्माण, संशोधनमा आवश्यक सहजीकरण गर्ने,
- वन तथा वातावरण क्षेत्रको संरक्षण तथा व्यवस्थापनमा आवश्यक नीतिगत निर्णयका लागि राय र अन्तर विभागीय समन्वय गर्ने,
- वन तथा वातावरण क्षेत्र सम्बन्धमा अध्ययन गरिएका तथ्यांकहरुको विश्लेषणको आधारमा तथ्यपरक नीति तर्जुमा गर्ने,
- यस शाखालाई तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## १.२.कार्यक्रम तथा योजना शाखा

- आवधिक योजना अनुरुपका वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने,
- कार्यक्रम तथा बजेट सम्बन्धमा राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र सरोकारवाला निकायहरुसंग आवश्यक सम्पर्क तथा समन्वय गर्ने,
- बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा मन्त्रालयका महाशाखाहरु, विभागहरु र निकायहरुबाट राय, सुझाव प्राप्त गर्ने,
- स्वीकृत वार्षिक कार्यक्रममा संशोधन सम्बन्धी कार्यको उठान गर्ने,
- थप बजेट, स्वीकृत वार्षिक कार्यक्रमको लक्ष्य परिवर्तन लगायतका कार्यक्रम संशोधन सम्बन्धी कार्य गर्ने,
- LMBIS संचालन गर्ने,
- मन्त्रालयसँग सम्बन्धित क्षेत्रगत आवधिक योजना तयार गरी पेश गर्ने,
- कार्यक्रम तथा आवधिक योजना तर्जुमा सम्बन्धी गोष्ठी आयोजना गर्ने,
- वन, वातावरणसंग सम्बन्धित उपक्षेत्रसंग सम्बन्धित विषयको वार्षिक नीति तथा कार्यक्रमको मस्यौदा तयार गर्ने,

- वैदेशिक सहयोगमा सञ्चालित केन्द्रीय आयोजनाको कार्यक्रम र बजेट तयारीका सम्बन्धमा महाशाखाहरुसंग समन्वय गर्ने,
- यस शाखालाई तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## १.३ अनुगमन तथा मूल्यांकन शाखा

- आयोजना तथा कार्यक्रमहरुको परियोजना प्रस्तावका आधारमा अनुगमन सूचकहरु तयार गर्ने,
- संचालित कार्यक्रमहरु तथा आयोजनाहरुको अनुगमन गर्ने ,
- मासिक, चौमासिक तथा आवश्यकता अनुसार समीक्षा वैठकहरु गर्ने,
- मन्त्रालयस्तरीय समस्या समाधान समितिको वैठक सम्वन्धी कार्यहरु गर्ने,
- अनुगमन सम्वन्धी कार्यमा राष्ट्रिय योजना आयोगको सचिवालय तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सम्पर्क शाखाको रुपमा कार्य गर्ने,
- शासकीय सुधार शाखासंग समन्वय गरी आयोजना तथा कार्यक्रमहरुका वारेमा गुनासाहरु ग्रहण गरी गुनासा रहेका कार्यक्रमहरुको तत्काल अनुगमन गरी प्रतिवेदन पेश गर्ने,
- आयोजना तथा कार्यक्रमहरुको अनुगमन सम्बन्धी प्रतिवेदन प्राप्त गर्ने,
- आयोजना तथा कार्यक्रमका विभिन्न चरणमा अनुगमन गरी मूल्याङ्कन गर्ने,
- मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषण सम्बन्धित शाखा/महाशाखा/विभाग/निकायहरुलाई उपलव्ध गराउने,
- मूल्याङ्कन प्रतिवेदनका निचोडहरु कार्यशाला तथा गोष्ठीहरु मार्फत प्रसार गर्ने,
- यस शाखालाई तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## १.४ तथ्यांक विश्लेषण शाखा

- मन्त्रालय र अन्तर्गतका विभिन्न महाशाखा, शाखा, विभाग, आयोजना, संस्थानका महत्वपूर्ण डाटावेस राख्ने, अद्यावधिक गर्ने, आदेश अनुसार सम्प्रेषण गर्ने,
- मन्त्रालय र अन्तर्गतका निकायसँग समन्वय गरी तथ्यांकहरु प्राप्त गर्ने, विश्लेषण गर्ने र आदेश अनुसार उपयोग गर्ने, तथ्यांक उपयोग गर्न अन्य शाखामा पठाउने,
- वन क्षेत्रसँग सम्बन्धित तथा उपयोगी पुस्तक, अध्ययन अनुसन्धानवाट प्राप्त प्रतिवेदनहरु सुरक्षित राखी अभिलेखीकरण तथा सदुपयोग गर्ने व्यवस्था गर्ने,
- मन्त्रालयको व्यवस्थापन सूचना प्रणाली सम्बन्धी कार्य गर्ने र महाशाखा भित्रका विवरण अध्यावधिक गर्ने,

- मन्त्रालय र विभागहरु बीच सूचना संजाल स्थापना गर्ने,
- मन्त्रालयबाट भएका निर्णयहरु सम्बन्धित शाखा महाशाखाहरुसंग समन्वय गरी प्राप्त गर्ने र अभिलेखीकरण गर्ने,
- महत्वपूर्ण पत्रिका, पुस्तक, पोष्टर आदिको नियमित संकलन र अभिलेखीकरण गर्ने,
- मन्त्रालयबाट भएका निर्णयहरु अभिलेखीकरण सम्बन्धित शाखा महाशाखाहरुसंग समन्वय गर्ने,
- अभिलेखीकृत सूचनाहरुको वर्गीकरण एवं अद्यावाधिक गर्ने,
- वन क्षेत्र सम्बन्धमा अध्ययन गरिएका तथ्यांक सुरक्षित राखी आवश्यकता अनुसार प्रकाशन तथा संप्रेषण गर्ने,
- तथ्याङ्कहरुको एकीकृत सञ्जाल गरी प्रत्येक क्रियाकलाप र कार्यक्रममा सहयोग पुर्‍याउने,
- यस शाखालाई तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**१.५.विकास सहायता समन्वय शाखा**

- वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित आयोजना प्रस्तावहरु तयारी तथा अद्यावधिक गर्ने,
- दातृ निकाय, विभिन्न मित्र राष्ट्र तथा अन्तराष्ट्रिय संस्थाको सहयोगमा संचालित आयोजना सम्बन्धी कार्यहरुको समन्वय गर्ने,
- संचालनमा रहेका आयोजनाहरुको तथ्याङ्क अद्यावधिक गर्ने र कार्यान्वयन संरचनाहरुबीच समन्वय कायम गर्ने,
- संचालनमा रहेका आयोजनाहरुको कार्यान्वयनको अवस्था अद्यावधिक गर्ने,
- स्रोत व्यवस्थापनको लागि नयाँ दातृ निकाय, संस्था तथा अन्य सहयोगी संस्थाहरुसँग संवाद गर्ने,
- वन क्षेत्रमा कार्यरत विदेशी विज्ञ, स्वंयसेवक, परामर्शदाता आदिको चयन, भिसा, म्याद थप सम्बन्धी कार्यमा समन्वय र सहजीकरण गर्ने,
- वैदेशिक सहयोगबाट संचालित आयोजनाहरुको नियमित रुपमा कार्य सम्पादन प्रतिवेदन प्राप्त गर्ने,
- वन तथा वातावरण क्षेत्रको व्यवस्थापनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ, संस्थाहरुसँग समन्वय र सहकार्यको वातावरण सिर्जना गर्ने,

- विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताका सम्पर्क विन्दुहरुको विवरण अद्यावधिक गर्ने र सम्बन्धित सम्पर्क विन्दुहरु मार्फत आवश्यक समन्वय गर्ने,
- विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौता बमोजिम मन्त्रालयबाट बहन हुने आर्थिक दायित्वको भुक्तानी सम्बन्धी कार्य गर्ने, अभिलेख राख्ने, अद्यावधिक गर्ने ।
- यस शाखालाई तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।